# बौदीकाली गाउँपालिकाको सोह्रौं गाउँ सभामा
# गाउँपालिका उपाध्यक्ष श्री डिल कुमारी के.सी. सारु मगरले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०८३/८४ को बजेट वक्तव्य

आदरणीय गाउँसभा अध्यक्षज्यू,
सम्पूर्ण गाउँसभा सदस्यज्यूहरु,

१. बौदीकाली गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको सोह्रौं गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रस्तुत गरिरहँदा गौरव महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी बौदीकाली गाउँपालिकालाई आफ्नो सीमाभित्र रहेका विकास निर्माण लगायतका क्षेत्रहरुमा रहेर बजेट निर्माण गर्न कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली तथा यस गाउँपालिकालाई यो अवस्थासम्म ल्याउन योगदान गर्नुहुने अग्रज महान् गाउँपालिकाबासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. संघीयताको कार्यान्वयनसँगै राज्य पुर्नसंरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयन भैरहेको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट बौदीकाली गाउँपालिकाबासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशीला यस गाउँपालिकामा पनि तयार भएको छ ।

३. बौदीकाली गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फलस्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिकावासीको आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ । यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ ।

४. विगतमा गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिकाभित्र धेरै परिवर्तनका संकेतहरु देखिएका छन्। गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिकाबासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई समाहित गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्थामा क्रमिक सुधार हुँदै आएको छ ।

५. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूनर्निर्माण कार्यमा तीव्रता आएको छ । विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थालेका छन् । समग्रमा चालु आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा

भैरहेको अवस्था देखिएको छ । गाउँपालिकाभित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयनले सबै गाउँपालिकाबासीहरु लाभान्वित हुनुहुन्छ भन्ने मैले अपेक्षा गरेको छु ।

६. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धिहरुलाई विशेष ध्यान दिँदै गाउँपालिकाबासीका आर्थिक र सामाजिक हित वृद्धि गर्न पहल गरेको छु । गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँचसम्म पुऱ्याउन विभिन्न खालका कार्यक्रमहरु सञ्चालन गर्न विशेष जोड दिएको छु। गाउँपालिकाले लिएका दीर्घकालीन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, गाउँपालिकाको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्वतवर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु ।

८. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म संघीय सरकारबाट समानीकरण अनुदान तर्फ रु. ५ करोड ३८ लाख ७८ हजार ९ सय ५०, सशर्त अनुदान चालु तर्फ रु.१७ करोड ८६ लाख १० हजार, सशर्त अनुदान पूंजीगत तर्फ रु. १ करोड ७५ लाख, संघीय सरकार समपूरक अनुदान पुँजीगत तर्फ रु. ७६ लाख ४६ हजार ६ सय ९३ गरी जम्मा रु. २५ करोड ७६ लाख ३५ हजार ६ सय ४३ प्राप्त भएको छ । यसै गरी गण्डकी प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु. ९२ लाख ९७ हजार, समपूरक अनुदान पूंजीगत तर्फ रु. ५३ लाख ५२ हजार १ सय ८३ र विशेष अनुदान पुँजीगत तर्फ रु. ९ लाख ४३ हजार ३ सय ६ गरी जम्मा रु.१ करोड ५५ लाख ९२ हजार ४ सय ८९ प्राप्त भएको छ । संघीय सरकारको राजस्व बाँडफाँडबाट जम्मा रु.५ करोड २७ लाख ३३ हजार ५ सय १०, प्रदेश सरकार राजस्व बाँडफाँड ४८ लाख ६२ हजार २ सय ८७ गरी जम्मा रु. ५ करोड ७५ लाख ९५ हजार ७ सय ९७, गाउँपालिकाको आन्तरिक श्रोतबाट जम्मा रु. ४१ लाख १४ हजार ९ सय ८४ रुपैया प्राप्त भै २०८३ जेठ मसान्तसम्मको यथार्थ आम्दानी रु. ३३ करोड ४९ लाख ३८ हजार ९ सय १३ रुपैया भएको छ ।

९. माथि प्रस्तुत गरिएको आम्दानीबाट २०८३ जेठ मसान्तसम्म चालु तर्फ जम्मा रु. १९ करोड ६५ लाख ३३ हजार ४३ र पुँजीगत खर्च तर्फ जम्मा रु. ५ करोड २४ लाख ९४ हजार ९ सय ३० खर्च भै जम्मा रु. २४ करोड ९० लाख २७ हजार ९ सय ७३ यथार्थ खर्च भएको अवस्था रहेको छ ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरुः**

क) गाउँपालिकाबासीका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सुधार ल्याउने,

ख) उपलब्ध स्रोत साधनहरुको समन्यायिक वितरण तथा उच्चतम प्रयोग गर्दै सामाजिक न्यायको प्रत्याभूति गराउने,

ग) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधारको दिगो विकास गरी तिब्र बसाइसराइको समस्या कम गरी गाउँपालिकामा बस्ने वातावरणको निर्माण गर्ने,

घ) गाउँपालिकावासीहरुलाई गुणस्तरीय शिक्षा तथा स्वास्थ्यको प्रत्याभूति दिलाउने,

ङ) कृषि तथा पशुपालनबाट गाउँपालिकालाई कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाउने,

च) गाउँपालिकाभित्र पर्यटकीय हिसाबले महत्वपूर्ण रहेका स्थलहरुको पहिचान गरी पर्यटन विकास गर्ने,

छ) विद्यमान असमानताको अन्त्य गर्दै उत्पीडित वर्गको उत्थान गर्ने, कुरीति, कुप्रथा र सामाजिक विचलनको अन्त्य गर्ने।

१०. बजेटका उद्देश्यहरु हासिल गर्न मैले देहायअनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।

<u>देहाय :</u>

क) गरिबीको अन्त्य गर्न पिछडिएका क्षेत्र, वर्ग र समुदायको उपयुक्त तरिकाले उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित कल्याणकारी व्यवस्थाको निर्माण,

ख) उत्पादनमा वृद्धि, कृषिमा आधुनिकीकरण र विभिन्न सरोकारवालाहरुको सहकार्यमा पूँजी निर्माणको माध्यमबाट रोजगारी सिर्जना र आयवृद्धि,

ग) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, उद्योग, पर्यटन लगायतको विकास साथै रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन,

घ) कानूनी राज्यको मान्यता अनुरुप विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत गाउँपालिकाबासीलाई अनुभूति हुने सुशासन प्रबर्द्धन,

ङ) संघ, प्रदेश र गाउँपालिकाबीच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास,

च) उपलब्ध स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न गाउँपालिका, सहकारी र निजी क्षेत्रबीच सहकार्य, र

छ) गाउँपालिकाका सबै वडाहरुमा संघीय सरकारका राजस्व बाँडफाँडका मुख्य सूचकहरु जनसंख्या र क्षेत्रफलको आधारमा बजेट विनियोजन ।

**सभाध्यक्ष महोदय,**

११. अब म चालु आर्थिक वर्षमा यस गाउँपालिकाले सम्पन्न गरेका विभिन्न महत्वपूर्ण कार्यक्रमहरुको चर्चा गर्न चाहन्छु ।

१२. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको संरचनागत तथा प्रणालीगत सुधारका लागि स्थानीय शिक्षा ऐनमा व्यवस्था भएको कानुनी प्रावधान अनुरुप विद्यालयको शैक्षिक प्रशासन व्यवस्थापन गरिएको छ ।

१३. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराई रहनु भएका प्रधानाध्यापक तथा शिक्षकहरुको सिकाइ क्षमता वृद्धि, सिकाइमा नवीनतम प्रविधिको प्रयोग तथा सकारात्मक परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरी निजहरुको व्यक्तित्व विकासका कार्यक्रमहरुको शुरुवात गरिएको छ ।

१४. महिनाबारीको समयमा विद्यालय जान नसक्ने विद्यार्थीहरुको समस्यालाई मध्यनजर गरी गाउँपालिकाका सबै विद्यालयहरुमा सेनेटरी प्याडको उपलब्धता बढाइएको छ ।

१५. कृषि, पशु र महिला तथा बालबालिकाका कार्यक्रमहरु लक्षित वर्गको पहिचान गरी सञ्चालन गर्ने परिपाटीको विकास गरिएको छ ।

१६. गाउँपालिकाको पहलमा हालसम्म सडक कालोपत्रे २.५ कि.मि., ३.५ कि. मी. ढलान सडक, सडक ग्राभेल ७.५ कि.मी निर्माण सम्पन्न भैसकेको छ। सबै वडा कार्यालयहरुका प्रशासनिक भवनहरु निर्माण कार्य लगभग अन्तिम चरणमा रही आफ्नै भवनहरुबाट कार्य संचालन भइरहेको छ।

१७. सामाजिक सुरक्षा तर्फ वडामै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण, एकल पुरुष लक्षित कार्यक्रम, द्वन्द्व एवं हिंसा प्रभावित महिलाको विवरण संकलन, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न गरिएको छ।

**सभाध्यक्ष महोदय,**

अब म आ.व.२०८३/८४ को आय र व्ययको अनुमान प्रस्तुत गर्दछु ।

**आय अनुमान**

| क्र.स. | स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघ सशर्त तर्फको अनुदान | २१,५२,००,०००।- | २१ करोड ५२ लाख |
| २ | संघ समानीकरण अनुदान | ७,७०,००,०००।- | ७ करोड ७० लाख |
| ३ | संघ विशेष अनुदान | ४५,००,०००/- | ४५ लाख |
| ४ | संघ समपूरक अनुदान | २,०७,००,०००।- | २ करोड ७ लाख |
| ५ | संघ राजश्व बाँडफाँट | ७,१९,२१,०००।- | ७ करोड १९ लाख २१ हजार |
| ६ | प्रदेश समानीकरण अनुदान | ९२,६३,०००।- | ९२ लाख ६३ हजार |
| ७ | प्रदेश विशेष अनुदान | ३९,९५,०००।- | ३९ लाख ९५ हजार |
| ८ | प्रदेश समपूरक अनुदान | ६०,००,०००।- | ६० लाख |
| ९ | प्रदेश राजश्व बाँडफाँट | ६८,९५,७०३.५।- | ६८ लाख ९५ हजार ७ सय ३ रुपैया ५० पैसा |
| १० | बैंक मौज्दात | ७,५०,००,०००।- | ७ करोड ५० लाख |
| ११ | आन्तरिक आम्दानी | २,००,००,०००।- | २ करोड |
| **जम्मा अनुमान** | | **५१,०४,७४,७०३.५।-** | ५१ करोड ४ लाख ७४ हजार ७ सय ३ रुपैया ५० पैसा |
| **कुल जम्मा बजेट** | | **५१,०४,७४,७०३.५।-** | ५१ करोड ४ लाख ७४ हजार ७ सय ३ रुपैया ५० पैसा |

**व्यय अनुमान**

| क्र.स. | स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| १ | संघ सशर्त तर्फको अनुदान | २१,५२,००,०००।- | २१ करोड ५२ लाख |
| २ | संघ विशेष अनुदान | ४५,००,०००/- | ४५ लाख |
| ३ | संघ समपूरक अनुदान | २,०७,००,०००।- | २ करोड ७ लाख |
| ४ | प्रदेश विशेष अनुदान | ३९,९५,०००।- | ३९ लाख ९५ हजार |
| ५ | प्रदेश समपूरक अनुदान | ६०,००,०००।- | ६० लाख |
| ६ | वडा तर्फको जम्मा | २,३७,५०,००० ।- | २ करोड ३७ लाख ५० हजार |

| | | | |
|---|---|---|---|
| ७ | संघ समपूरक पालिका तर्फ | २,०७,००,०००।- | २ करोड ७ लाख |
| ४ | प्रदेश समपूरक पालिका तर्फ | ६०,००,०००।- | ६० लाख |
| ९ | गत आ.व.का बाँकी दायित्व | १५,००,००० ।- | १५ लाख |
| ८ | कार्यालय प्रशासनिक | १०,०५,००,०००।- | १० करोड ५ लाख |
| ९ | गाउँपालिका स्तरीय/शाखागत | १०७६२९७०३.५ ।- | १० करोड ७६ लाख २९ हजार ७ सय ३ रुपैया ५ पैसा |
| | **जम्मा व्यय अनुमान** | **५१,०४,७४,७०३.५।-** | ५१ करोड ४ लाख ७४ हजार ७ सय ३ रुपैया ५० पैसा |

**सभाध्यक्ष महोदय,**

मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग र समन्यायिक वितरण भई गाउँपालिकाबासीको जीवनस्तर सहज, सुरक्षित र गुणस्तरीय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा लिएको छु । गाउँपालिकाभित्रको सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भई सुशासनको प्रत्याभूति हुने विश्वास लिएको छु ।

प्रस्तुत बजेट तर्जुमा गर्दा मलाई सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्षज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, गाउँपालिकाका राजनीतिक दलका प्रमुख तथा प्रतिनीधिहरु, गाउँपालिकाका विद्वत वर्गहरु, गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, बजेट निर्माणको क्रममा अमूल्य राय सुझाव उपलब्ध गराउने सम्पूर्ण सहयोगीहरु र गाउँपालिकाबासी प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा सहित सबल र समृद्ध बौदीकाली गाउँपालिका निर्माणको महान यात्रामा सबै गाउँपालिकाबासीलाई सहभागी हुन आह्वान गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद, नमस्कार !

**डिल कुमारी के.सी. सारु मगर**
**उपाध्यक्ष**